# त्रिवेणी गाउँ पालिकाको विनियोजन विधेयक,२०७६

## त्रिवेणी गाउँ पालिकाको आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानिय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ।

सभाबाट स्वीकृत मिती :२०७६।३।१७

**प्रस्तावना** : त्रिवेणी गाउँ लिकाको आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि स्थानिय संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम त्रिवेणी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नामर प्रारम्भ :** (१) यस ऐनको नाम “त्रिवेणी गाउँ पालिकाको विनियोजन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ श्रावन १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७५/७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचि १ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३२,५३,८८,२५४(अक्षेरुपी बत्तिस करोड त्रिपन्न लाख अठासी हजार दुई सय चौवन्न रुपैयाँ मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त त्रिवेणी गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिसतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च  शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर, चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**४. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** यो विधेयकमा विनियोजन भएको रकम खर्च गर्न कार्यविधि तथा मापदण्ड बनाउन आवश्यक भएमा कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सकिनेछ ।

**५. बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्ने :** विनियोजन बजेट कार्यान्वयनको क्रममा कुनै बाधा उत्पन्त भएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी गरिएको आदेश स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि मात्र लागुहुनेछ ।

अनुसूची - १
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान संख्या** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तिय व्यवस्था** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँकार्यपालिका | ६००००००० | २०११७७५५४ | | २६११७७५५४ |
| २ | | वडा समिति | | ३७५००००० | | ३७५००००० |
| ३ | | विषयगत शाखा | १३००००० | २५४१०७०० | | २६७१०७०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |

रु. हजारमा ३२,५३,८८,२५४।